# बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ | अंकः१ | जेष्ठ, २०७८ | पानाः ११


# कोभिड-१९ को संक्रमण रोकथाम र व्यवस्थापनको लागि नगरपालिकाको प्रयास

विश्वभर नयाँ भेरियन्ट्सका साथ देखा परेको कोभिड-१९ (कोरोना भाईरस) नेपालमा समेत तीव्र रुपमा बढ्दै गईरहेको सन्दर्भमा यस नगरपालिकामा उक्त भाईरसको रोकथाम र संक्रमणबाट श्रृजना हुनसक्ने सम्भावित जोखिमलाई व्यवस्थापन गर्न नगरका सरोकारवाला संघसंस्था, राजनीतिक दल, नागरिक समाज, बैंक तथा वित्तिय संस्था, समाजसेवी बुद्धिजीवि लगायतसंग विभिन्न मितिमा छलफल तथा व्यवस्थापनका सम्बन्धमा विविध अन्तर्क्रियाहरु भएका छन ।

| मिति | कार्यक्रम तथा सरोकारवालाहरु |
|---|---|
| २०७८ वैशाख १२ | नगर स्तरीय विपद् व्यवस्थापन समिति |
| २०७८ वैशाख १४ | बैंक तथा वित्तीय संस्थाहरु |
| २०७८ वैशाख २१ | संघसंस्थाहरु |
| २०७८ वैशाख २४ | एम्बुलेन्स संचालक संस्थाहरु |
| २०७८ वैशाख २७ | एम्बुलेन्स व्यवस्थापन समिति र चालकहरु समेत |
| २०७८ वैशाख २९ | विभिन्न राजनितिक दल, संघसंस्था, जनप्रतिनिधि |

वैशाख १९ गतेदेखि सिद्धार्थ क्याम्पस बुङ्चीमा रहेको सिद्धार्थ बहुमुखी क्याम्पसमा संक्रमितहरुलाई तत्काल प्राथमिक उपचार गर्न आईसोलेसनको व्यवस्थापन गरिएको छ । उक्त आईसोलेसनमा करीव २० वटा सिलिन्डरहरु रहेका छन भने कम्तिमा १० वटा सिलिन्डरहरु दैनिक रुपमा रुपन्देहीबाट भरेर ल्याउने व्यवस्था गरिएको छ ।

दोस्रो लहरको कोभिड-१९ को संक्रमणको व्यवस्थापनको प्रयास गर्दा गर्दै पनि हालसम्म सिद्धार्थ क्याम्पस, बुङ्चीको आइसोलेशनमा करिब ४ जना व्यक्तिहरुको मृत्यु भईसकेको छ भने अन्य विवरणहरु निम्नानुसार रहेको छ ।

| २०७८ वैशाख मसान्त सम्मको विवरण | |
|---|---|
| विवरण | संख्या |
| पोजेटिभ देखिएको | ५४५ जना |
| सक्रिय संक्रमण | ३९४ जना |
| निको भएको | १३६ जना |
| आईसोलेसनमा भर्ना | २४ जना |
| उपचारार्थ संख्या | ४ जना |
| अन्यत्र रिफर | ९ जना |
| मृत्यु (कोभिड संक्रमणबाट) | १९ जना |
| आईसोलेसन डिस्चार्ज | ७ जना |
| आईसोलेसनमा मृत्यु | ४ जना |

## सम्पादकीय

जनताको नजिकको सरकारको रुपमा रहने स्थानीय तहले जनताका माग चाहना, आवश्यकता एवं परिस्थिति अनुरुप शासन, विकास र सेवा प्रवाहलाई नगारिक केन्द्रित गर्दै जानु यसको आधारभूत चरित्र नै हो । सेवा गर्नु मात्र होईन त्यसको अनुभूति गराउनु, विकास गर्ने मात्र नभई त्यसको दिगोपना र शासन गर्ने नभई शासन गर्न सिकाउने कार्यशैली अहिलेका सार्वजनिक इकाइको अपेक्षित कार्यशैली हो ।

सार्वजनिक सेवा प्रवाहको प्रमुख भूमिकामा रहने स्थानीय सरकार आजको दिनमा एकल कर्ता नभई नेतृत्वकर्ता, सहजकर्ता, समन्वयकर्ता र सहयोगी समेत हो । सङ्घीयता कार्यान्वयनका लागि तीन तह र अन्य समानान्तर निकायहरुको समन्वय र सहकार्य संगै यहाँका सम्पूर्ण शासकीय साझेदारहरु संगको सहकार्यलाई बाणगङ्गा नगरपालिकाले उच्च प्राथमिकता दिएको छ ।

अहिले सिङ्गो मुलुक यहाँको जनजीवन र अर्थतन्त्र कोभिड-१९ बाट नराम्रो गरी प्रभावित छ । यस विषम परिस्थितिमा सरोकारवालाहरुको साझेदारी र सहकार्य झन अहम् हुन्छ । त्यसका लागि सूचनामा पारदर्शिता, जवाफदेहिता र स्वस्थ्य अन्तरक्रिया महत्वपूर्ण हुन आउछन् । जसले हामीले प्रदान गरेका सेवा, कार्यशैली र व्यवहारमा सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्दै भने सरोकारवालाहरु बीच शासन विकास र सेवा प्रवाहमा साझेदारी सहकार्य एवं स्वामित्व बढाउछ भन्ने विश्वास लिन सकिन्छ ।

यही अभिप्रायका साथ नगरपालिकाले आफुले महिना भरी गरेका गतिविधी र महत्वपूर्ण सूचना समेटी बुलेटिनको रुपमा प्रकाशन गर्ने सोचका साथ अगाडी बढेको छ । यस कार्यमा सल्लाह सुझाव र मार्गदर्शनका लागि नगर प्रमुख ज्यू, नगर उपप्रमुख ज्यू तथा सम्पूर्ण जनप्रतिनिधी ज्यूहरुलाई आभार व्यक्त गर्छु । साथै यस कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरु लाई धन्यवाद दिन चाहन्छु । सुधार स-साना प्रयासको योग हो भन्ने विश्वासका साथ थालिएको यस कदममा सम्पूर्ण नगरवासी सरोकारवालाहरुको साथ सहयोग र पृष्ठपोषणको अपेक्षा राख्छु ।

वासुदेव खनाल
प्रमूख प्रशासकीय अधिकृत

# दोस्रो लहरको कोभिड-१९ को महामारी व्यवस्थापनको लागि गठित समितिहरु

## अनुगमन समिति

| | |
|---|---|
| संयोजक | मंगल प्रसाद थारु |
| सदस्य | चक्रपाणि अर्याल |
| ,, | दामोदर खनाल |
| ,, | वडाअध्यक्षहरु सबै |
| ,, | मुख्य राजनितिक दलका प्रतिनिधिहरु |
| ,, | कपिलवस्तु उद्योग बाणिज्य संघ |
| ,, | सिद्धार्थ सामाजिक विकास संस्था |

## अस्पताल तथा संघसंस्था समन्वय

| | |
|---|---|
| संयोजक | चक्रपाणि अर्याल |
| सदस्य | शक्तिसिंह ठकुरी |
| ,, | गुणानिधि भुसाल |
| ,, | प्रकास घिमिरे |
| ,, | कृष्ण चालिसे |
| ,, | रामजी सेन (कपिलवस्तु सामुदायिक अस्पताल) |
| ,, | सुन्दर आचार्य (युनाईटेड अस्पताल) |
| ,, | सि एण्ड सि अस्पताल |

## प्रचार प्रसार मिडिया व्यवस्थापन तथा सूचना संचार

| | |
|---|---|
| संयोजक | विष्णु पौडेल |
| सदस्य | विष्णु गिरी |
| ,, | सोमनाथ अर्याल |
| ,, | भिष्मराज भुसाल |
| ,, | सन्तराम रौतार |
| ,, | बुद्ध आवाज टेलिभिजन |
| ,, | रेडियो बुद्धआवाज |
| ,, | रेडियो मायादेवी |
| ,, | रेडियो हटविट |
| ,, | रेडियो बाणगंगा |

## अक्सिजन व्यवस्थापन

| | |
|---|---|
| संयोजक | गणेश क्षेत्री |
| ,, | कपिलवस्तु उद्योग बाणिज्य संघ |
| ,, | सिद्धार्थ सामाजिक विकास संस्था |
| ,, | कपिलवस्तु जेसिज |
| ,, | बाणगंगा यातायात |
| ,, | रोटरी क्लव |
| ,, | लायन्स क्लव अफ कपिलवस्तु |
| ,, | लायन्स क्लव अफ बाणगंगा |
| ,, | वाणगंगा वेयलफेयर सोसाईटी |
| ,, | कपिलवस्तु सामुदायिक अस्पताल |
| ,, | नागरिक समाज |

## आईसोलेसन तथा स्वास्थ्य सामाग्री व्यवस्थापन

| | |
|---|---|
| संयोजक | भिष्मराज भुसाल |
| सदस्य | गणेश क्षेत्री |
| ,, | गुणानिधि भुसाल |
| ,, | बालकुमारी अधिकारी |
| ,, | तेज प्रसाद आचार्य |
| ,, | ध्रुव बेल्बासे |
| ,, | क्याम्पस प्रमुख |
| ,, | सोमनाथ अर्याल |

## एम्बुलेन्स तथा यातायात व्यवस्थापन

| | |
|---|---|
| संयोजक | बिष्णु पौडेल |
| सदस्य | बाणगंगा यातायात |
| ,, | नेपाल रेडक्रस सोसाईटी (बाणगंगा) |
| ,, | सि एण्ड सि अस्पताल |
| ,, | शान्ती श्रृजना युवा नेपाल |

## सब व्यवस्थापन

| | |
|---|---|
| संयोजक | सोमनाथ अर्याल |
| सदस्य | विष्णुप्रसाद पौडेल |
| ,, | सुकदेव थारु |
| ,, | बिष्णु गिरि |

### नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर | चालकको नाम |
|---|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ | कोभिड संक्रमितहरुको लागि |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगंगा | ९८४७०३३०५३ | |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ | अन्य विरामीहरुको लागि |
| ४ | बाणगंगा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ | |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ | |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ | |

महामारी अवधिभर एम्बुलेन्स सम्पर्क सम्बन्धी कुनै समस्या परेमा नगरस्तरीय एम्बुलेन्स व्यवस्थापन समितिका संयोजक (नगर प्रवक्ता) बिष्णु प्रसाद पौडेललाई ९८५७०५०५८८ मा सम्पर्क गर्न सकिनेछ ।

# हार्दिक अपिल


मंगल प्रसाद थारु
नगर प्रमुख

बाणगंगा नगरपालिकाभित्र तीव्ररुपमा फैलिएको कोभिड-१९ को संक्रमणलाई रोकथाम तथा व्यवस्थापन गर्न नगरपालिकाले आफ्नो स्रोत साधन प्रयोग गरि व्यवस्थापनमा लागिरहेको ब्यहोरा सबैलाई अवगतनै छ । यो महामारी र संक्रमणको बृद्धिदरलाई हेर्दा व्यवस्थापनमा अझ चुनौती थपिँदै गएकोले यस्तो विषम परिस्थितीमा सबै संघसंस्था तथा व्यक्तिहरुबाट समेत सहयोगको आशा गरिएको छ । अतः कोभिड-१९को संक्रमण हुनबाट रोकथाम गर्न र संक्रमित नगरबासीहरुको स्वास्थ्य उपचार तथा महामारीको व्यवस्थापनको लागि आवश्यक पर्ने नगद, अक्सिजन र अन्य स्वास्थ्य सामाग्रीहरु समेत सहयोग गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरुले आफुले उपलब्ध गराउने जिन्सि तथा नगद नगरपालिकामा अभिलेख कायम गर्ने गरि तपसिल बमोजिम एकद्वार प्रणालीबाट वितरण हुने गरि सहयोग गरिदिनुहुन देश विदेशमा रहनुहुने ईच्छुक सम्पूर्ण सहयोगदाताहरुलाई हार्दिक अपिल गर्दछौं ।

## तपसिल

| विवरण | सम्पर्क |
|---|---|
| आर्थिक सहयोगको लागि | यस बाणगंगा नगरपालिकाको कृषि विकास बैंक शाखा जीतपुरमा रहेको खाता नं. 0415601609177011 (प्रकोप व्यवस्थापन कोष) मा रकम जम्मा गरी सहयोग हुन वा सम्बन्धीत वडा अध्यक्षसंग समन्वय गरि नगद उपलब्ध गराईदिनुहुन । |
| अक्सिजन सहयोगको लागि | अक्सिजन व्यवस्थापन समिति संयोजक श्री गणेश बहादुर क्षेत्री (वडा नं. ४) अध्यक्ष (सम्पर्क नः९८५७०२९८००) संग समन्वय गरि सहयोग उपलब्ध गराईदिनुहुन । |
| स्वास्थ्य सुरक्षा सामग्री सहयोगको लागि | आईसोलेसन तथा स्वास्थ्य सामाग्री व्यवस्थापन समितिका संयोजक श्री भिष्मराज भुसाल (वडा नं. ५) अध्यक्ष (सम्पर्क नं. ९८५७०२९७०५) संग समन्वय गरि स्वास्थ्य र जिन्सि शाखामा अभिलेख जनाउने गरि सहयोग उपलब्ध गराईदिनुहुन । |


*योजना अनुगमनमा कपिलधाम*


*वडा नं. ११ मैरी मा संचालित लोकल, कडकनाथ कुखुरा र माछा पोखरी*


*वडा नं.७ कोईली बनगाई सडक कालोपत्रे (कुस्मेलीको घर पछाडी)*


*बैंक तथा वित्तिय संस्था संचालनको विषयमा नगरप्रमुखसंग छलफल हुँदै*


*वडा नं. ४ डुङ्गहवामा नाली निर्माणको अनुगमन गर्दै*

कोभिड-१९ को महामारीको समयमा संक्रमित व्यक्तिहरुले कुनै समस्या भएमा निम्नानुसार सम्पर्क गर्नुहुन अनुरोध छ ।
ठगराज पौडेल- स्वास्थ्य शाखा प्रमुख (९८५७०५००८५)
पर्शुराम थारु- आईसोलेसन ईन्चार्ज (९८४७१३२६०५)



कृषि प्रदर्षनी कार्यक्रममा पदाधिकारी तथा कर्मचारीहरु

## संस्थागत स्व मूल्यांकन (LISA) मा बाणगङ्गा

| क्र.सं. | विषय पुर्णाङ्क | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७.५ |
| २ | संगठन तथा प्रशासन | ८ | ४ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ८ |
| ५ | सेवा प्रवाह | १६ | १३ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ४.५ |
| ७ | भौतिक पूर्वाधार | १३ | ५.५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ५ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ५ |
| १० | सहकार्य र समन्वय | ६ | ० |
| | जम्मा | १०० | ५९ |

## योजना कार्यान्वयनको अवस्था

आर्थिक वर्ष ०७७।७८ मा यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार वैशाख महिना सम्म उपभोक्ता समितिसंग सम्झौता भई सकेका योजनाहरु ४२७ रहेका छन् । यसै अन्तर्गत सम्झौता भई सम्पन्न भएका योजनाहरु १८६ रहेका छन् । वैशाख महिनामा ८ वटा योजनाहरुको निर्माण गुणस्तर र परिमाणको अनुगमन समेत गरिएको छ । सार्वजनिक निर्माण तर्फ हालसम्म ३६ वटा योजनाहरुको ठेक्का सम्झौता भएका र १७ वटा सम्पन्न भई सकेका छन ।



वडा नं. १० को मोतिपुर-धरमपुर जोड्ने सडकमा पुल निर्माणको अवलोकन गर्दै

## आ.व.०७८।७९ को लागि संघमा माग भएका योजनाहरु

| सि.नं. | योजना |
|---|---|
| संघीय समपूरक तर्फ | |
| १ | सिउटी प्रतिक्षालय चोक देखि हथौसा गाउँ जोड्ने सडक कालोपत्रे |
| २ | कोपवा - हरनामपुर - जगदिसपुरताल जोड्ने सडक कालोपत्रे |
| ३ | खारखानी पार्क तथा पिकनिक स्पोर्टस व्यवस्थापन |
| ४ | कपिलधाम पर्यटन व्यवस्थापनको लागि पार्क निर्माण |
| ५ | बा.न.पा.११ को बालउद्यान निर्माण तथा व्यवस्थापन |
| विशेष कार्यक्रम तर्फ | |
| १ | श्री जनज्योती उच्च माध्यामिक विद्यालय, मोतिपुर को संरचना निर्माण |
| २ | श्री हेमराज उच्च माध्यामिक विद्यालय, हथौसा को संरचना निर्माण |

## तराई मधेश समृद्धि कार्यक्रमको लागि माग भएका योजनाहरु

| सि.नं. | योजनाको नाम | रकम रु.हजारमा |
|---|---|---|
| १ | झुँगा चोकदेखि तल्लो झुँगाहुँदै कालाबन्जार जोड्ने सडक कालोपत्रे | १,१४,०० |
| २ | बिसनपुर चोकदेखि पुरानो डिही जोड्ने सडक कालोपत्रे | १,२७,०० |
| ३ | कपिलधाम पर्यटन व्यवस्थापनका लागि पार्क निर्माण | १,०९,०० |
| ४ | मर्थी डाँडादेखि ठाँटी हुँदै सिउटी जोड्ने सडक कालोपत्रे | १,४२,०० |

## प्रदेश समपूरक योजनाको लागि लुम्बिनी प्रदेशमा माग भएका योजनाहरु

| सि.नं. | योजनाको नाम | लागत रू. |
|---|---|---|
| १ | बन्डौली, गन्सहवादेखि चप्परगाउँ जोड्ने सडक कालोपत्रे वडा नं. ८ | १,००,००,०००।- |
| २ | गजेहडा तीनकुने चोकदेखि गंगोलिया हुँदै राजापानी जोड्ने सडक कालोपत्रे वडा नं. ३ | १,००,००,०००।- |
| ३ | चम्किपुरदेखि ठाँटी जोड्ने सडक कालोपत्रे वडा नं. ३ | १,००,००,०००।- |
| ४ | भावपुर भेलरैया गोगापुर विरपुर हुँदै मिलनचोक जोड्ने सडक कालोपत्रे वडा नं. १० | १,००,००,०००।- |
| | जम्मा | ४,००,००,०००।- |

# सहकारी गतिविधि

देश संघीय गणतन्त्रात्मक शासन पद्धतीमा रुपान्तरण भईसके पश्चात संघ प्रदेश र स्थानीय तहको अधिकारक्षेत्र निर्धारण भएको छ । नेपालको संविधानको अनुसूची-८ मा भएको स्थानीय तहको अधिकारक्षेत्र अनुसार सहकारी डिभिजन कार्यालयबाट यस नगरपालिकालाई ६० सहकारी हस्तान्तरण भएका छन् भने यस नगरपालिकाको सहकारी ऐन अनुसार ८ सहकारी दर्ता भएका छन् । नगरभित्र कार्यक्षेत्र भई संचालित ६८ सहकारीहरु रहेका छन् भने अन्य स्थानीय तहसमेत कार्यक्षेत्र रहेका सहकारीहरु ६ वटा छन । यसरी नगरभित्र नगरपालिकाको नियमन क्षेत्र र संघ तथा प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारीहरु ७४ रहेका छन् । नगरभित्र कार्यक्षेत्र भएका सहकारीहरुको वैशाख महिना सम्मको मासिक वित्तिय अवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रू.) |
|---|---|---|
| १ | शेयर पूँजी | ३८८३४८७१५ |
| २ | जगेडा कोष | ११६२२९६५१ |
| ३ | अन्य कोष | ११८६४५५६७ |
| ४ | बचत निक्षेप | १५४१०२४७४५ |
| ५ | तिर्नुपर्ने संस्थागत ऋण | ६८४६५४९० |
| ६ | भुक्तानी दिनुपर्ने अन्य दायित्व | २९५९६३४६ |
| ७ | तिर्नुपर्ने कर | ७३९५७५ |
| ८ | अन्य दायित्व | ७११५८३४ |
| ९ | नगद | १९३९१६२९ |
| १० | बैंक | ३१८२१७९६१ |
| ११ | अन्य संस्थामा लगानी | १७३७८७५० |
| १२ | सदस्यहरुलाइ ऋण लगानी | १५२३८९४७२५ |
| १३ | पाउनुपर्ने हिसाब | ४०९६९३७० |
| १४ | अफिस सम्पत्ति | ९१५८९८५१ |
| १५ | अन्य सम्पत्ति | १५४४६०१५ |
| १६ | स्टक सामान मूल्य | ३८९०९६९ |
| १७ | स्थीर सम्पत्ती | ४९३८६७९५ |
| १८ | जम्मा खर्च | १६२३६२७४१ |
| १९ | जम्मा आम्दानी | १९७३८६८०२ |

नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरक्षेत्रभित्रका सहकारीहरुको लागि लेखा व्यवस्थापन तालिम सम्पन्न भएको छ । उक्त तालिममा ३९ सहकारी संस्थाका ३६ कर्मचारी तथा ४ जना संचालक समितिका पदाधिकारीहरु सहभागी भएका छन ।

नगरको अनुगमनको क्रममा देखिएका लेखा तथा प्रशासनीक व्यवस्थापनका कमी कमजोरीहरु र जोखिमहरुलाई यस तालिमले न्यूनिकरण गर्न मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

लेखा व्यवस्थापन तालिमको उद्घाटन तथा समापन समारोहमा नगर उपप्रमुख चक्रपाणि अर्याल, प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनाल, सहकारी अभियन्ता गुणानिधि भुसाल, ध्रुव बेल्बासे, सहकारी नगरसञ्जालका अध्यक्ष तेजप्रसाद आचार्य, बाणगङ्गा नगरपालिकाका शिक्षा उपसचिव बाबुराम भट्टराई तथा शा.अ. अधिकृत खिम बहादुर जि.सी., प्रशासन प्रमुख केशबराज भट्टराईको उपस्थितीमा सम्पन्न भएको थियो। साथै उक्त कार्यक्रमको सञ्चालन सहकारी शाखा प्रमुख सन्तोष बहादुर थापाले गर्नु भएको थियो भने तालिमको सहजीकरण प्रशिक्षकद्धय हरिलाल शर्मा र सि.ए. बाबुराम भण्डारीले गर्नु भएको थियो । उक्त कार्यक्रमको उद्देश्य निम्नानुसार रहेको थियो ।

१. नगरक्षेत्रभित्रका सहकारी संस्थाहरु लेखा सिद्धान्त अनुरुप संचालन गर्ने ।
२. संस्थालाई पारदर्शी,जवाफदेहि, चुस्त, दुरुस्त लेखा प्रणालीमा राख्ने ।
३. चार खातालाई सु-व्यवस्थित बनाउन ।
४. लेखा सफ्टवेयरको साथै हस्त लिखित खाता व्यवस्थित गर्ने ।
५. संस्थालाई मर्यादित,आर्थिक रुपमा सक्षम र शेयर सदस्यहरुको हितमा कार्य गर्ने ।



सहकारी संस्था अनुगमनमा उपस्थित पदाधिकारी तथा कर्मचारीहरु



लेखा व्यवस्थापन तालिममा सहभागि विभिन्न संस्थाका कर्मचारीहरु


लेखा व्यवस्थापन तालिममा सहभागि विभिन्न संस्थाका कर्मचारीहरु

## महिला बालबालिकातर्फको गतिविधी

महिला सहकारी संस्थाका अध्यक्ष र निगरानी समूहबीच लैगिक हिसा, सामाजिक कुरिति कुप्रथा विषयमा गरिएको अन्तर्क्रिया कार्यक्रमका केही झलकहरु ।





बाणगंगा नगरपालिका स्तरीय महिला लघु उद्धमी सञ्जाल गठन सम्बन्धी क्रियाकलापहरुः







## आयुर्वेद

विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संस्थागत विद्यालय अन्तर्गत युनाइटेड स्टुडेन्स एकेडेमी, चप्परगाँउ र सामुदायिक विद्यालय अन्तर्गत श्री बाणगंगा मा.वि., लौगाइमा करिब १२० जना छात्रा छात्रको सहभागितामा सम्पन्न भएको छ । त्यसैगरि स्वास्थ्यकर्मीहरुको वृत्ति विकासका लागि ५ दिने तालिम कपिलवस्तु जिल्ला अन्तर्गत रहेका आयुर्वेद स्वास्थ्यकर्मी लगायत १२ जनाको सहभागितामा मोतीपुर आयुर्वेद औषधालयमा सम्पन्न भएको छ ।

प्रत्येक वडामा गएर स्वास्थ्य स्वयम् सेविकाको उपस्थितिमा करिब २५० जना ६ महिना भित्रका स्तनपान गराईरहेका आमाहरुलाई दुग्धबर्धक औषधी वितरण कार्यक्रमसमेत सम्पन्न भएका छन ।



*विद्यार्थीहरुलाई आयुर्वेद शिक्षा सम्बन्धी जानकारी दिँदै*



*स्वास्थ्यकर्मीहरुको वृत्ति विकास सम्बन्धी ५ दिने अभिमूखिकरन तालिम*

## सुरक्षीत आप्रवासन (सामी) कार्यक्रम

बाणगंगा न.पा. १,२,३,४ मा वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन भएका छन । जसमा ९९ जना महिला ४ जना पुरुष गरि १०३ जना लाभान्वित भैसकेका छन् । त्यसैगरि २२ जना महिला र ४ जना पुरुष गरि २६ जनालाई मनोपरामर्श सम्बन्धी सेवा उपलब्ध गराईएको छ ।

# कृषकहरुको लागि नगरपालिकाले गरेका प्रयासहरु

कृषि शाखाले संचालन गर्ने कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा हरियो मलको लागि ढैचाको बीउ बितरण ढुवानी अनुदान शत प्रतिशत रहने गरि वीउ माग गरेका ११ वटा समूह/सहकारी छनौट भै २५०० के,जि वीउ बितरण कार्य भैसकेको छ ।

सार्वजनिक सूचना जारी गरि प्रस्ताव माग भई आएका कृषकहरु मध्ये छनौट भएका ११ वटा समूह/सहकारी /कृषि फर्मलाई १११ घार गोला मौरी वितरण गरिएको छ ।



कृषकहरुको अवलोकन भ्रमणमा सहभागी कर्मचारी तथा कृषकहरु

फलफूल दशक अन्तरगत स्थानिय तहमा आँप विरुवा रोपण अभियान कार्यक्रम (५० प्रतिशत अनुदान) मा आँपका विरुवा कार्यक्रम विस्तृतीकरण गरि प्रस्तावना मागको लागि सूचना प्रकाशन तथा प्रसारण भैरहेको छ । ५० प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम छनौट भएका २७ वटा कृषक समूह/सहकारी /कृषि फर्म संग सम्झौता गरि कार्य संचालन भैरहेको छ ।



८५ प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भार तथा निर्माण अन्तर्गत छनौट भएका २५ वटा कृषक समूह/सहकारी /कृषि फर्मसँग सम्झौता तथा कार्य संचालन भैरहेको छ ।

बाणगंगा नगरपालिकाबाट चालु आ.व. ०७७।७८ को हालसम्ममा आइ. पि. एम. कृषक पाठशाला ३ स्थानमा कृषक पाठसाला सम्पन्न भएका छन् ।

राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन भैरहेको छ ।

कोभिड प्रभावित भईगाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान लगाएतका कार्यक्रम र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानमा संचालन हुने कार्यक्रमको प्रक्रिया अगाडी बढेको छ ।


आई.पि.एम. कृषक पाठशालामा प्रक्षिशण दिँदै कृषक तथा कृषि शाखाका कर्मचारीहरु

बाणगंगा नगरपालिकाको वडा नं. ११ मा कृषि उपज बजार संकलन केन्द्रको भवन निर्माण गर्ने काम तीव्र गतिमा भैरहेको छ ।

चालु आ.व. २०७७/०७८ मा संघिय सरकारबाट शसर्त अनुदान तर्फ बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र हरिहरभवनबाट उन्नत धान वीउमा कृषकहरुलाइ अनुदान कार्यक्रम संचालनको लागि बजेट रु.१३,१८,०००/- (तेह्र लाख अठार हजार मात्र) प्राप्त भएको र उक्त कार्यक्रमको लागि वीउ खरिद गर्न टेण्डर प्रकृया सुरु भएकोले टेण्डर मार्फत खरिद गरिने वीउ प्रत्येक वडालाई माग र आवस्यकताको आधारमा कृषि विकास शाखाको समन्वयमा उन्नत वीउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन प्रक्रिया, २०७७ अनुसार वडा कार्यालयबाट पचास प्रतिशत अनुदानमा तोकिएका मध्यम तथा मसिना जातको धानको उन्नत वीउ वितरण गर्ने र वीउको माग संकलनको लागि कृषि विकास शाखाबाट १५ दिनको सूचना प्रसाशन गरि निवेदन आव्हान गरिएको छ ।


एकदिने कृषक पाठशालामा सहभागी कृषक तथा प्रशिक्षकहरु

**कृषि सम्बन्धी सबै सूचनाहरुको जानकारी लिन**
**https://www.facebook.com/HBMBanganga**
**फेसबुक पेज लाईक गरि संजालमा जोडिऊँ ।**

## प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं.१ म । अधुरो कुलोलाइ पुरा गर्ने कार्य, वडा नं. ३ मा पद मार्ग निर्माण, वडा नं.९ अधुरो कुलोलाइ पुरा गर्ने, वडा नं. १० वडा कार्यालयको पर्खाल निर्माण लगाएतका कार्यहरु भएका छन् ।

## गरीवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (MEDPA)

वडा नं. ३,५ र ७ मा गरीवि निवारणका लागि लघुउद्दम विकास कार्यक्रमको अभिमुखिकरण तथा सहभागितात्मक ग्रामिण लेखाजोखा (PRA) कार्यक्रम सम्पन्न भएका छन् जसबाट करीव २४० जना सहभागिहरु प्रत्यक्ष लाभान्वित भएका छन् ।

वडा नं. ५ र ७ मा ९ वटा समूहमा (११२ जना) लघुउद्दमीहरुको समूह गठन गर्ने कार्य सम्पन्न भएको छ ।

वडा नं. ३, ५ र ७ मा व्यवसाय सचेतता तथा व्यवसाय शुरु तालिम TOPE/ POSE/ GESI तालिम सम्पन्न भएका छन् ।

## मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम

मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत हालसम्म कुश खेती प्रवर्दन सम्बन्धी तालिम कामता मा.वि.करेलिया वडा नं. १० र वडा नं. ३ को गौरी भवानि नि.मा.वि.मा सम्पन्न भएको छ । महिलाहरुको पाठेघर समस्या सम्बन्धी बाणगङ्गा-१०, पटनामा शिविर संचालन गरिएको छ। उक्त शिविरमा २१५ जना महिलाहरुले पाठेघर सम्बन्धी समस्याको बारेमा परिक्षण गराएका थिए । समस्या देखिएका १८० महिलाहरुलाई औषधी वितरण गरियो साथै ३ महिलाहरुलाई थप उपचार/ शल्यक्रियाको लागि अस्पतालमा रिफर गरियो र स्वास्थ्य शिक्षा दिने काम गरियो । ७० जना महिलाहरुको पाठेघर क्यान्सरको जाँच समेत गरिएको थियो । उक्त शिविर संचालन भएकै अवस्थामा गरिब तथा विपन्न परिवारका ८० जना महिलाहरुलाई पोषण किट (मह, अण्डा र घ्यू) वितरण गर्ने काम समेत गरिएको थियो ।

*लकडाउनको समयमा आफ्नो परिवारमा रहेका सबै बालबालिका, वृद्धवृदा तथा सुनौला हजार दिनका महिलाहरुको विशेष हेरचाह गरौं,*

## राजस्व तर्फ वैशाख महिनाको आन्तरिक आम्दानी

| सि.नं. | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम रु. |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | ४७७० |
| २ | ११३२१ | घरबहाल कर | १०९७८५ |
| ३ | ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३४६०० |
| ४ | १४१५१ | सरकारी सम्पत्ती बहालबाट प्राप्त आय | १८२५०० |
| ५ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २०० |
| ६ | १४२४२ | नक्सापास दस्तुर | २०७५१३ |
| ७ | १४२४३ | सिफारिस दस्तुर | १२०० |
| ८ | १४२४९ | अन्य दस्तुर | २२०३० |
| ९ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ११४७०० |
| १० | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६८७१७ |
| मिति २०७८।०१।०१ देखि २०७८।०१।३१ सम्मको जम्मा रु. | | | ७४६०१५ |
| मिति २०७७।०४।०१ देखि २०७७।१२।३१ सम्मको अ.ल्या जम्मा रु. | | | १४१४४६५७ |
| | | जम्मा | १४८९०६७२ |




*मेडपा कार्यक्रम अन्तर्गत वडा नं. ३ को सिउटीमा दुधको परिकार बनाउने तालिममा उद्दमीहरुसंग अन्तर्क्रिया गर्दै*



*बाणगंगा नगरपालिका र कपिलवस्तु नगरपालिकाको सिमा वनकसियामा स्थानीयहरुसंग सिमा विवादको सम्बन्धमा छलफल गर्दै*

# व्यक्तिगत घटना दर्ता शिविर संचालन कार्यक्रम-२०७८




व्यक्तिगत घटना दर्ता अभियानमा सहभागी बनौं । आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गरौं" भन्ने नाराका साथ वैशाख १ गते देखि १६ गतेसम्म विभिन्न वडामा संचालन भएको व्यक्तिगत घटना दर्ता अभियान कार्यक्रममा निम्नानुसार व्यक्तिगत घटना दर्ता भएको थियो ।










### व्यक्तिगत घटना दर्ता शिविरबाट दर्ता भएका व्यक्तिहरुको विवरण संक्षिप्त विवरण

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | | | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | | |
| १ | ५ | ६ | | ११ | १ | | | १ | | ६ | १ | ३ | | | | १९ |
| २ | १० | ५ | | १५ | ४ | | | ४ | १ | ८ | ६ | १७ | | | | ३४ |
| ३ | | ३ | | ३ | ६ | ४ | | १० | १ | | | | | | | १४ |
| ४ | ८ | ३ | | ११ | १ | ४ | | ५ | २ | ६ | २ | १० | | | | २६ |
| ५ | ९ | ९ | | १८ | ४ | | | ४ | | ६ | १ | ५ | | | | २९ |
| ६ | ६ | १ | | ७ | २ | | | २ | | ५ | २ | ६ | १ | ६ | | १७ |
| ७ | ७ | ७ | | १४ | ३ | २ | | ५ | | ६ | ४ | ११ | २ | ३ | | ३१ |
| ८ | ६ | ३ | | ९ | ३ | | | ३ | | ५ | १० | ४१ | २ | १० | | २९ |
| ९ | ८ | २ | | १० | ३ | १ | | ४ | | ७ | ३ | १५ | | | | २४ |
| १० | ३ | ३ | | ६ | ३ | ४ | | ७ | | ३ | | | | | | १६ |
| ११ | ५ | २ | | ७ | १ | २ | | ३ | | ३ | १ | ४ | १ | ४ | | १५ |
| जम्मा | ६७ | ४४ | ० | १११ | ३१ | १७ | ० | ४८ | ४ | ५५ | ३० | ११२ | ६ | २३ | ० | २५४ |

**सबै किसिमका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गरौं ।**

# शैक्षिक प्रर्दशनी

वाणगंगा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा शाखाको वार्षिक कार्यक्रम अर्न्तगत नगरपालिका अर्न्तगतका विद्यालयहरुलाई चार समुहमा विभाजन गरी शैक्षिक सामग्री प्रदर्शनीको आयोजना गरियो ।

कार्यक्रममा वालविकास,आधारभुत तह १ ५,आधारभुत तह ६ ८ र माध्यमिक तह गरी चार समुहमा प्रतिर्स्पधा गराइएको थियो । वाल विकास तर्फ ६ कुनाको अवधारणा दिने खालका सामग्रीहरु प्रर्दशन गर्न लगाइएको थियो भने विद्यालयका तीनवटा तहका लागी पाँचवटा अनिवार्य विषयका पाचवटा सामग्रीहरु विद्यालय तहको पाठ्यक्रम संग सम्बन्धित हुनेगरी निर्माण गर्न लगाइएको थियो । कार्यक्रममा नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत गरी ३३ वटा विद्यालयको सहभागिता रहेको थियो । शैक्षिक सामग्री प्रदर्शनीले शिक्षकहरुलाइ विद्यालयमा शैक्षिक सामग्री निर्माण गर्ने बानीको विकास भइ कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग बाट शिक्षण गर्दा विद्यार्थीहरुको सिकाइ उपलब्धी बृद्धि हुने अपेक्षा गरिएको छ ।





# शैक्षिक अवलोकन भ्रमण

बाणगङ्गा नगरपालिका अर्न्तगतका कक्षा ६ र ७ सञ्चालित विद्यालयहरुमा स्थानीय पाठ्यक्रम कपिलवस्तु र बौद्ध शिक्षा अध्यापन गर्ने शिक्षकहरुका लागि अध्ययन अवलोकन भ्रमण सञ्चालन गरियो । उक्त भ्रमण कार्यक्रममा शिक्षा शाखाका प्रतिनिधि बौद्ध क्षेत्रका सहजकर्ता लगायत ४२ जना स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरुको सहभागिता रहेको थियो । उक्त भ्रमणमा स्थानीय पाठ्यक्रममा राखिएका क्षेत्रहरु निग्लिहवा, अरौराकोट,सगरहवा(लम्बुसागर),तिलौराकोट संग्रहालय तथा ऐतिहासिक दरवार रहेको क्षेत्र, कुदान, गोटीहवा, र सिसहनीया लगायतका क्षेत्रहरुको भ्रमण गरिएको थियो । प्रत्येक क्षेत्रको अवलोकनका क्रममा बौद्ध अध्येता सहजकर्ता द्धारा ती क्षेत्रको ऐतिहासिक अवस्था तथा महत्वका बारेमा विस्तृतरुपमा जानकारी गराइएकोले भ्रमण अत्यन्तै उपलब्धीमुलक रहेको थियो । उक्त भ्रमणले शिक्षकहरुलाइ विद्यालयमा विषयवस्तु अध्यापन गर्न र विद्यार्थीहरुलाइ परियोजना कार्य गराउन सहन हुने अपेक्षा गरिएको छ ।



# वक्तृत्वकला प्रतियोगिता

बाणगङ्गा नगरपालिकामा बालमैत्री स्थानीय शासन घोषणाको लागि नगर तथा वडास्तरमा विभिन्न कार्यक्रम संचालन हुँदै आएका छन् । सोही सन्दर्भमा नगर बाल संजालको आयोजनामा "बाल अधिकारको सुनिश्चितताको लागि स्थानिय तहको भूमिका" विषयमा १० देखि १८ वर्ष उमेर समुह भित्रका बालबालिकाहरु बिच वक्तृत्वकला प्रतियोगिता संचालन गरिएको थियो । ११ जना प्रतियोगीले भाग लिएको उक्त कार्यक्रममा विशाल घिमिरे वडा नं. १ प्रथम, अर्चना आचार्य वडा नं. ११ द्धितीय, दुर्गेश कुर्मि वडा नं. १० तृतीय र पुजा गौतम वडा नं. ८ सान्त्वना



## स्वास्थ्य गतिविधी

प्रदेश शसर्त अनुदानवाट संचालन हुने मुखयमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत बाणगङ्गा नगरपालिकाको आयोजनामा वडा नं.१०, पटना स्वास्थ्य चौकीमा मिति ०७८ बैशाख १० गते महिला रोग सम्बन्धि (पाठेघर) शिविर संचालन गरियो। सो अवसरमा अति गरिव तथा विपन्न परिवारका ८० जना गर्भवती महिलाहरुलाई पोषण किट (अण्डा, मह, घ्यू) प्रदान गरियो। गर्भवती महिलाहरुको चिकित्सक स्वास्थ्यकर्मीहरुबाट गर्भ जाँच USG भिडियो एक्सरे, औषधी उपचार तथा परामर्श सेवा उपलब्ध गराइएको थियो।




कोभिड-१९ रोग बिरुद्ध स्वास्थ्यकर्मी, जनप्रतिनिधी, सरसफाईकर्मी, जेष्ठ नागरिकहरुलाई भ्याक्सिन लगाइएको थियो ।



राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत ५ वर्ष मुनिका ५६१० बालबालिकाहरुलाई २०७८ साल बैशाख ६ र ७ गते भिटामिन ए र जुकाको औषधी खुवाईएको थियो ।




## बाणगङ्गा मासिक बुलेटिन प्रकाशन

### सल्लाहकारहरु

श्री मंगल प्रसाद थारु
नगर प्रमुख
श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

### प्रधान सम्पादक

श्री वासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

### सम्पादक/ भाषा सम्पादक

श्री बाबुराम भट्टराई
उपसचिव

### बुलेटीन सम्पादन मण्डल

श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री सम्राट रेग्मी - सूचना प्रविधि अधिकृत
श्री दिपक थापा - कम्प्युटर अपरेटर
श्री महेश भट्टराई - लेखा सहायक

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48